भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।




विहिबार त्रिभुवन बिमानस्थलमा स्वीस राजदुत एलिजावेथ भन क्याप्पेलर द्वारा स्वास्थ्य मन्त्री भानुभक्त ढकाललाई ३०,००० थान पिसिआर किट हस्तान्तरण गर्दै

तस्बिर: कुन्द दिक्षित




# सरकारले सञ्चालन अनुमती दिएका आयोजनामा श्रमिकको व्यवस्थापन कसरी गर्ने ?



- दैनिक रुपमा अनिवार्य स्वास्थ्य जाँच



- एकै स्थानमा आवासको व्यवस्था



- सुरक्षित आवत जावत गर्न स्वास्थ मापदण्ड पालना गरी परिवहनको व्यवस्था

(त्यसको लागि सम्बन्धीत निकायले पासको व्यवस्था मिलाउने) ।



- कार्य स्थलमै खाजा र खाना खाने व्यवस्था



- स्थान अभाव भएमा स्थानीय निकायको समन्वयमा सम्बन्धीत वडाका सार्वजनिक स्थानमा भएका सार्वजनिक भवनमा स्थानीय व्यक्तिसंग सम्पर्क नहुने गरी सुरक्षित आवासको व्यवस्था गर्ने।

# हल्ला र तथ्य



माल वाहक सवारी साधनलाई सरकारले चल्ने अनुमती दिएको छ। तर, तिनै गाडीबाट मान्छेहरू बाहिरबाट काठमाण्डौ प्रवेश गरिरहेका छन् रे।

काठमाण्डौ उपत्यका प्रवेश गर्ने मालवाहक सवारी साधनमा यात्रु राख्न नपाईने निर्णय सरकारले गरेको छ । प्रवेश बिन्दुमा त्यस्ता सवारी साधनका सवारी चालक र सहचालकको नाम, जन्म मिति, काठमाण्डौ प्रवेश गरेको र फर्केको मिति सहितको विवरण राख्ने र सवारी साधन फर्कि जाँदा सोही विवरण बमोजिमको व्यक्ति भए नभएको जाँच गर्ने व्यवस्था मिलाईएको छ । यदी झुठा विवरण दिई यात्रा गरेको पाईएमा प्रशासनले सवारी नियन्त्रणमा लिई कारवाही गर्नेछ ।

स्रोत: https://mocit.gov.np



सरकारले होटल व्यवसाय खोल्न पाउने निर्णय गऱ्यो भन्ने सुनिन्छ नी ।

ढुवानीका सामानहरू लिएर हिड्नुपर्ने चालकहरू र अतिआवश्यकिय काममा हिड्नुपर्ने व्यक्तिहरूको लागि राजमार्ग र सहायक राजमार्गमा कम्तीमा ५० किलोमिटरको दुरीमा होटल सञ्चालन गर्न पाईने छ । त्यसको लागि सम्बन्धीत स्थानीय निकायले तोकेको स्थानमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वीकृत मापदण्ड अवलम्बन गरी खानाको प्याकेटमात्र बिक्रि गर्ने गरी होटल र रेष्टुरेण्ट सञ्चालन गर्ने व्यवस्था स्थानीय प्रशासनले मिलाउने छ । साथसाथै, राजमार्ग र सहायक राजमार्गमा चल्ने सवारी साधनहरूले निर्धारीत समय र स्थानमा मात्र रोक्न पाउने छन् ।

स्रोत: https://mocit.gov.np



जोखिम बढीरहेको बेला सरकारले उल्टै लकडाउन खुकुलो बनायो भन्छन् ।

आईपर्ने जोखिमलाई मध्यनजर गर्दै, नेपाल राज्यको कुनै पनि भूभागमा संक्रमणको जोखिम देखिएमा वा समुदाय स्तरमा उक्त संक्रमण विस्तार भएको पाईएमा उक्त क्षेत्र वा जिल्लाभर निश्चित अवधीका लागि स्थानीय प्रशासनले तत्काल सञ्चालनमा रोक लगाउन सक्ने निर्णय सरकारले गरेको छ ।

स्रोत: https://mocit.gov.np



अब कृषकले अनलाईनबाट आफ्नो उत्पादन बेच्न पाउने भन्ने सुनिन्छ । प्रकृया चाही के हो ?

हालको अवस्थामा किशानले उत्पादन गरेका तरकारी लगायतका कृषि उपजहरू बिक्रिको लागि व्यापारिक खरिदकर्ताहरूसंग सम्पर्क गर्न सहज होस् भन्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले डिजिटल कृषि बजारको शुरुवात गरेको छ । त्यको लागि कृषकले moald.gov.np/demand-analysis मा गएर कृषक/आपुतीकर्ताले निम्नानुसारका विवरण भर्नु पर्ने छः

कृषक/आपुतीकर्ताको नाम, फोन नम्बर, स्थानीय तहको नाम, ठेगाना, तरकारी/खाद्यान्नको नाम र बाली/खाद्यान्नको किसिम, उपलब्ध परिमाण र प्रस्तावित ईकाई मुल्य

## सूचनाका स्रोतहरू

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकाय

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपाली | २,३१,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ३३,७३१ संक्रमित | ६,५६७ संक्रमित | ४,१३१ संक्रमित | १८,८९० संक्रमित | १६,२४० संक्रमित | २,९५८ संक्रमित | ६,४६७ संक्रमित | १०,८२२ संक्रमित |
| ४२ नेपाली संक्रमित | २१ नेपाली संक्रमित | ४९ नेपाली संक्रमित | २ नेपाली संक्रमित | ७१ नेपाली संक्रमित | | ३ नेपाली संक्रमित | |



गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या

स्रोत: https://who.sprinklr.com/

## ShramikSanjal श्रमिकको हितमा विभिन्न देशले चालेका कदम:

**मलेसिया:** जनवरी १, २०२० देखी भिषा समाप्त भएका बिदेशी नागरिकहरूलाई Movement control order (MCO) को अवधी समाप्त भएको १४ कार्य दिनभित्र हवाई टिकट सहित आफ्नो देश फिर्ता हुन अनुमती प्रदान गरिएको छ । यसरी फिर्ता हुँदा अध्यागमको लागि कुनै कागजात बनाउनु नपर्ने र कुनै जरिवाना पनि तिर्नु नपर्ने जनाएको छ ।

### नेपालले विदेशमा रहेका आफ्ना श्रमिकका लागि के गरिरहेको छ ?

बिभिन्न देशमा रहेका श्रमिकको अवस्था बुझ्न फारम भराउने काम जारी छ । कतार र मलेसियाको लागि दुतावासले फेसबुक पेजमा फारम राखेको छ । यू.ए.ई., बहराईन, ओमान, कुवेतको फारम भने दुतावासको वेवसाईडमा भेट्न सकीन्छ।

### श्रमिकले के गरिरहेका छन् ?

श्रमिकहरुके सुरु गरेको "घर जान पाउँ" ३नजबचवबलब( उबग अभियान मार्फत ९ देशबाट नेपालका ५० जिल्लाका ५५० भन्दा बढी व्यक्तिले सहभागिता जनाईसकेकाछन् । उनिहरुले आफ्नो समस्यासंगै घर जान चाहेको कुरा राख्दै सामाजिक सञ्जालमा लेख, फोटो तथा भिडियोहरु पोष्ट गरीरहेका छन् ।

### आफ्ना श्रमिकलाई अन्य देशले के गर्दैछन ?

- पाकिस्तानले अप्ठेरोमा परेका लगभग २००० जती आफ्ना नागरिकलाई यूएईबाट फिर्ता लगेको छ ।
- भारतले ७ मे मा यूएईबाट अप्ठेरोमा परेका श्रमिकहरु फिर्ता लगेको छ । त्यस्तै, कतारमा अप्ठेरोमा परेका र कुवेतमा आममाफीबाट घर जान ठिक्क परेका आफ्ना नागरीकलाई पनि स्वदेश फिर्ता लैजादै छ।

accountabilitylab NEPAL

# $ फलो द मनी



जम्मा | खर्च

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २० करोड**

## संघिय सरकार

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च
स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्ब ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम
र नियन्त्रणका लागि चाहिने स्वास्थ्य
उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## दाता

ए.डि.बि.
करिव **७ अर्ब २० करोड**

विश्व बैंक
करिव **३ अर्ब ४८ करोड**

आई.एम.एफ.
करिव **१३ अर्ब ९ करोड**

युरोपियन युनियन
करिव **९ अर्ब ८० करोड**

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ९६ लाख | करिब १५ करोड ९ लाख | करिब १३ करोड ८७ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ४० करोड | १२ करोड ३२ लाख | १७ करोड ७५ लाख |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ५० करोड | १३ करोड २० लाख | ३६ करोड ८० लाख |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोटः यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

# लकडाउनको समयमा सञ्चारकर्मीले यि ५ कुरामा ध्यान दिनुपर्छ

विशेष गरेर संकटको बेलामा नागरिक-सरकार-सरोकारवाला निकायलाई जोड्ने जिम्मेवारी सञ्चार माध्यमको हुन्छ । अहिले कोरोना संकटको बेला पनि नागरिकलामा जनचेतना फैलाउन, सूचना प्रवाह गर्न, संकट विरुद्ध लड्न उत्प्रेरित गर्न सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहन्छ । तर, कहिलेकाही सञ्चारकर्मीले आचारसंहिता बिर्सिदा त्यसले अझै ठुलो संकट निम्त्याउछ । अहिलेको समयमा सञ्चारकर्मिले गर्नै नहुने ५ आधारभूत कुराहरू यहाँ उल्लेख गरिएको छः





१. म अरुभन्दा बिशेष हुँ भन्ने देखाउनका लागि आवश्यक नभएको ठाउँमा रिपोटिङमा नजाने र दिनभर घुमफिर नगर्ने ।

२. मेरो कार्यक्षेत्रमा कोराना भाइरसको संक्रमण फैलिएको छैन, त्यसैले डराउनु पर्ने आवश्यकता छैन भनेर हेलचेक्राइ गरेर रिपोटिङमा ननिस्कने ।





३. चर्चा बटुल्ने र धेरै दर्शक स्रोताबिच पुग्ने लोभमा अपुष्ट समाचारलाई सनसनीपूर्ण बनाएर प्रकाशन तथा प्रशारण नगर्ने ।



४. सामाजिक सञ्जालमा भाईरल हुने निहुमा व्यक्तिको धारणालाई बङ्गाएर समाचार प्रस्तुत नगर्ने ।



५. सरकारले दिएको प्रेस पासको दुरुपयोग नगर्ने ।

कृष्ण अधिकारी
पत्रकार, नेपालगन्ज

सही
सूचना

# के सिमानाकामा अझै कडाई गर्नु पर्छ ?

## कोभिड - १९ बाट संक्रमितको संख्या




माथिको ग्राफले छुट्टा छुट्टै प्रदेशमा कोभिड - १९ बाट संक्रमितको संख्या देखाउँछ । यहाँ भारतसंग लामो सिमानाका भएका प्रदेशमा संक्रमितको संख्या बढी भएको देखिन्छ । भारतसंग नेपालको खुला सिमानाका भएको र त्यहाँ तिब्र गतिमा संक्रमितको संख्या बढिरहेकोले, सिमानाकामा हुने आवतजावत रोक्न विशेष उपायको खोजी गर्नु पर्ने देखिन्छ । अन्यथा, भारतसंग सिमा जोडिएका जिल्लाहरुमा संक्रमितको संख्या बढिरहने छ ।

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219